"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
१ नं. प्रदेश, नेपाल

०२३-५८००४४ ५८०१३७ ५८०५०२ ५८१०५३
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
चलानी नं. २८५२

मिति:२०७६।०८।०४

श्री वडा कार्यालय सबै ,

दमक नगरपालिका ।

बिषय: - अभिलेख कायम गर्ने सम्बन्धमा ।

प्रस्तुत बिषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभागको च. नं.४६४ मिति २०७६।०८।०२ को अभिलेख कायम गर्ने सम्बन्धी परिपत्र यसै साथ छ । सोही पत्र अनुसार घटना दर्ता सम्बन्धी अभिलेख कायम गर्नु हुन साथै प्रत्येक महिना घटना दर्ताको मासिक प्रतिबेदन समेत यस कार्यालयमा पेश गर्नु हुन जानकारी गराइन्छ ।

८।४

यज्ञराज निरौला
शाखा अधिकृत

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
टेलिफोन : ४२११५६१
फ्याक्स : ४२११५६३
सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७६-०७७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४६४

मिति:......................

२०७६ ०८ २

विषय: अभिलेख कायम गर्ने सम्बन्धमा ।

श्री नगरकार्यापालिकाको कार्यालय सबै
श्री गांउकार्यालालिकाको कार्यालय सबै

विभिन्न कारणले गर्दा स्थानीय तहहरुमा अभिलेख नष्ट भएका व्यक्तिगत घटना दर्ताका अभिलेखहरु कायम गर्ने सम्बन्धमा गृह मन्त्रालय मिति: २०७६।०८।०२ को मा. मन्त्री स्तरीय नीतिगत निर्णय अनुसार देहाय बमोजिम अभिलेख कायम गर्ने भनी निर्णय भएको हुदा सोही अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

**देहाय:**

१) कार्यालयका अभिलेखहरु नष्ट भएको सन्दर्भमा उपलब्ध भएसम्म व्यक्तिसंग भएको घटना दर्ताको सक्कल प्रमाणपत्र पेस गर्न लगाउने । सक्कल प्रमाणपत्र हराईरहेको वा अन्य कुनै कारणले नष्ट भईसकेको रहेछ भने उपलब्ध भएसम्म उक्त प्रमाणपत्रको प्रतिलिपि वा निजले उक्त व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र लिईसकेको थियो भन्ने पुष्टी हुने अन्य कुनै प्रमाण पेस गर्न लगउने ।

२) व्यक्तिगत घटना दर्ताका सूचना फाराम अन्यत्र कुनै निकायमा रहेको भए सो फारामको आधारमा प्रतिलिपि प्रदान गर्ने ।

३) कुनै कागज, प्रमाण प्राप्त नभएमा व्यक्तिगत घटना दर्ताको नयाँ सूचना फाराम भराई उक्त सूचना फाराममा सूचकलाई सनाखत गर्न लगाउने ।

४) सूचकबाट सनाखत गरी आएको व्यक्तिगत घटना दर्ताको सूचना फारामको आधारमा अभिलेख रजिष्टरमा अभिलेख नष्ट भएको कारण जनाई साथै प्रमाणपत्रमा समेत पहिला घटना दर्ता प्रमाण पत्र जारी भएता पनि कार्यालयको अभिलेख नष्ट भएको कारणले नयाँ प्रमाणपत्र जारी गरिएको भन्ने कारण जनाई प्रमाणित गरी घटना दर्ता प्रमाणपत्र जारी गर्ने ।

५) त्यसरी घटना दर्ता प्रमाणपत्र जारी गर्दा थप पुष्ट्याई आवश्यक देखिएमा स्थानीय वडाका जनप्रतिनिधिहरुबाट वा कम्तिमा ५ जना नेपाली नागरिकबाट सर्जमिन गरी पेस गर्न लगाउने ।

६) घटना दर्ताको प्रमाणपत्र जारी गर्ने स्थानीय पञ्जाधिकारीले उक्त व्यक्तिसँग आफैले सोधपुछ गर्ने ।

७) यसरी व्यक्तिगत घटना दर्ता प्रमाणपत्र जारी गरिसकेपछि पुन पुरानो प्रमाणपत्र फेला परेमा पछि जारी भएको प्रमाणपत्र स्वत: रद्द हुने व्यवस्था गरी पुरानो प्रमाणपत्रमा भएको विवरणको अभिलेख राख्ने ।

(कमला घिमिरे)
शाखा अधिकृत

Email : info@nidmc.gov.np / URL: www.nidmc.gov.np

नतिजामुखी प्रशासन : समृद्धि र सुशासन

Scanned by CamScanner